आज मिति २०८३/०२/०५ गते यस कपिलवस्तु जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री जनार्दन गौतमको अध्यक्षतामा कार्यालय प्रमुखहरूको बैठक देहायको उपस्थितिमा बसी देहाय अनुसारको निर्णय गरियो।

<u>उपस्थिति</u>

| क.सं. | कार्यालय प्रमुखको नाम | पद | कार्यालय | मोबाइल नं. | हस्ताक्षर |
|---|---|---|---|---|---|
| १ | श्री जनार्दन गौतम | प्र.जि.अ. | जिल्ला प्रशासन कार्यालय कपिलवस्तु | ९८५७०३७७७७ | |
| २ | श्री भविश्वर घिमिरे | स.प्र.जि.अ. | जिल्ला प्रशासन कार्यालय कपिलवस्तु | ९८५७०५४७७७ | |
| ३ | बिदुरध्वज अधिकारी क्षेत्री | मुख्य सेनानी | श्री शमशेरदल गण | ९८४२८४१११९ | |
| ४ | गोपाल अधिकारी | स.प्र.उ. | नं. २८ गण | 9851272116 | |
| ५ | रिपेन्द्र कुमार सिंह | प्र.ना.उ. | जिल्ला प्रहरी कार्यालय | | |
| ६ | रवीन्द्र प्रसाद कापोत्र | प्र.को.नि. | को.ले.नि.का., कपिलवस्तु | ९८५७१४०८८८ | |
| ७ | आबिद हुसैन | प्र.प्र. | खानेपानी तथा सरसफाईको कपिलवस्तु | ९८५७०५४०६० | |
| ८ | राकेश कुमार धोबी | व.प्र.अ. | रा.कृ.अ.का. कपिलवस्तु | 9857052847 | |
| ९ | सत्यपाल हरिजन | व.वा.नि.अ. | खाद्य व्यापार कम्पनी कृष्णनगर | ९८५७०२८९१२ | |
| १० | विष्णु भण्डारी | का.प्र. | कृषि सा.क.लि. तौलिहवा | ९८५७०७१२५६ | |
| ११ | किसन प्र. गैरे | ई. | सडक डिभिजन भैरहवा | 9846888731 | |
| १२ | नारायण प्र. दुबे | उ.प्र. | जलस्रोत तथा सिंचाई | 9857051351 | |
| १३ | डा. दयाराम चौधरी | का.प्र. | प.स्वा. सेक पोस्ट भगवानपुर | ९८४७०४२८१२ | |
| १४ | शिवलाल कनौजे | जि.इ.अ. | जिल्ला इलाका कार्यालय | ९८५७०१२६४१२ | |
| १५ | हिरालाल प्र. पौडेल | प्रो.स. | न.वी.ओ.नि.प्र.प्र.का., कृष्णनगर | ९८५७०२५६२८ | |
| १६ | मुद्दानन्द खनाल | क.अ. | जेटी जिल्ला अस्पताल कपि | ९८५७०२००६९ | |
| १७ | ध्यान बहादुर गुरुङ | प्र.प्र. | साल्ट ट्रेडिङ कर्पोरेशन लि. | ९८५७०२१३० | |
| १८ | सुजन खनाल | प्र.नि. | जिल्ला ड्राफ्ट प्रहरी | ९८५७१२८४१२४ | |
| १९ | खेमराज देवकोटा | प्र.प्र.अ. | कृष्णनगर न.पा. | ९८५७०८५९९१ | |
| २० | मल्लिराम मरासिनी | प्र.प्र.अ. | बाणगंगा न.पा. | ९८५७०६७०० | |
| २१ | गौरब ढकाल | प्रमुख | स्वास्थ्य कार्यालय | 9841690883 | |
| २२ | जनार्दन अधिकारी | जि.स.अ. | जि.स.स.को कार्यालय | ९८५७०६२२२ | |
| २३ | मान बहादुर साहु | कारागार प्रशासक | कारागार कार्यालय कपिलवस्तु | ९८५७०७१६६६ | |

CS Scanned with CamScanner

२०८१/[illegible]/०५

| क्र.सं. | कार्यालय प्रमुखको नाम | पद | कार्यालय | मोबाइल नं. | हस्ताक्षर |
|---|---|---|---|---|---|
| २४ | किरण विष्ट | प्र. अ. | सुद्धौली अ. का. | ९८६९२४०४०७० | |
| २५ | कमल भुसाल | जि.नि. अ. | निर्वाचन कार्यालय | ९८५८६०६१ ९८९९ | |
| २६ | पिताम्बर पाण्डे | प्र.प्र.अ. | शिवराज न.पा. | ९८५८०६६९९९ | |
| २७ | दिपेन्द्र रेग्मी | प्र.प्र.अ. | महाराजगंज न.पा. | ९८५८०४२२३३ | |
| २८ | भुवनेश्वर पाण्डे | व.शा.प्र. | कृषि विकास बैंक | ९८५८६०११०८८ | |
| २९ | चोपलाल बेलवासे | नि. इन्चार्ज | प्रा.वि. तथा ग्रा.ई. कपिलवस्तु | ९८५८०४०४९१ | |
| ३० | डा. किशोर खनाल | - का. प्र. | के. अस्पताल | ९८५८००३३०४३ | |
| ३१ | गोविन्द प्र. चौधरी | वि.अ.प्र. | यातायात व्य. कार्यालय | 9857053815 | S. |
| ३२ | बाबुराम शर्मा | का. प्र. | इलाका प्रशासन कार्यालय कृष्णनगर | ९८८११८८३५८ | |
| ३३ | राजेन्द्र यादव | का.प्र. | क्वारेन्टाइन कार्यालय कृष्णनगर | ९८५६०५३०८२ | |
| ३४ | राजेन्द्र सिंह बोहरा | शा.प्र. | खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय | ९८२९४४३१ ९८ | Rajey |
| ३५ | कृष्ण प्रसाद न्यौपाने | प्र.क.अ. | आन्तरिक राजस्व कार्यालय | 9857056627 | |
| ३६ | जनक ब. भण्डारी | प्र.ना.अ. | नापी कार्यालय तौलिहवा | ९८५८०४४४६ | |
| ३७ | सन्तोष रेग्मी | व.उ. अधि. | घरेलु तथा साना उ. कार्यालय | ९८५८०९४०६४ | |
| ३८ | निरञ्जन कुमार खनाल | व.इ.वि.अ. | यशोधरा गा.पा. | ९८५१०४२९३२ | |
| ३९ | मोहन ब. दलामी | का.प्र. | मापोका बाणगंगा वोडगाउँ | ९८५८०४३००९ | |
| ४० | अर्जुन श्रेष्ठ | रजिष्ट्रार | नापी कार्यालय, बाणगङ्गा | ९८५८०४३२९५ | |
| ४१ | त्रिलोचन भट्टराई | केन्द्र प्रमुख | ने.वि.प्रा. कृष्णनगर वि.के. | ९८४४०३३८४१ | |
| ४२ | दिवाकर ज्ञवाली | केन्द्र प्रमुख | ” तौलिहवा वि.के. | ९८५१९३३६४४ | |
| ४३ | नारायण पाण्डे | मु.प्र. | जग्गा प्रशासन कार्यालय | ९८५८०४९१४ | |
| ४४ | कौशिक तिवारी | का.प्र. | स्वास्थ्य बीमा बोर्ड कपि. | ९८५२०४४५०३ | |
| ४५ | डा. नलिन नाथ तिवारी | आ.चि.प्र. | के.व.आ. स्वा.केन्द्र | ९८५८०४३८८४ | |
| ४६ | गोविन्द राज जोशी | ना.अ. | नापी कार्यालय चन्द्रौटा | ९८५८०४९८२० | |
| ४७ | कोपुला श्रेष्ठ | का.प्र. | बाणगङ्गा सिंचाइ व्य.का. | 9857061980 | Kfuba |
| ४८ | मदन प्रसाद ढुङ्गाना | व.व.अ. | डिभिजन वन का, तौलिहवा | ९८४८०३८३५२ | |
| ४९ | लक्ष्मण प्रसाद ज्ञवाली | का.प्र. | सामाजिक विकास डिभिजन कार्यालय | ९८४८०९१८९३ | |
| ५०. | हरि प्रसाद पौडेल | का.प्र. | सडक पूर्वाधार विकास कार्यालय | 9857054088 | |
| ५१ | शान्ति शर्मा | का.प्र. | कपिलवस्तु संग्रहालय | ९८६९१४८०८३ | |
| ५२ | अनिल के.सी. | प्र.जि.अ. | जिल्ला प्रशासन कार्यालय | ९८५८०१२८६१ | |

CS Scanned with CamScanner

| क.सं. | कार्यालय प्रमुखको नाम | पद | कार्यालय | मोबाइल नं. | हस्ताक्षर |
|---|---|---|---|---|---|
| ५० | प्रतीक प्रधान | इन्जिनियर | दुलाकी राजमार्ग योजना का. | ९८४३२१५५५४ | |
| ५१ | जगिश प्रसाद चौधरी | इन्जिनियर | कुवल-गोरसिङे-चन्द्रौटा स.यो. | ९८४६२६५५९४ | |
| ५२ | रबि राज पन्त | रेसिडेन्ट इन्जिनियर | कुरवल-गोरुसिंगे-चन्द्रौटा सडक योजना। | ९८४१-२८४४६६ | |
| ५३ | हिरण्ड कुँवर | प्र.अ.नि | रा.अ.जि.५ | 9851200145 | |
| ५४ | | | | | |
| ५५ | | | | | |
| ५६ | | | | | |
| ५७ | | | | | |
| ५८ | | | | | |
| ५९ | | | | | |
| ६० | | | | | |
| ६१ | | | | | |
| ६२ | | | | | |
| ६३ | | | | | |
| ६४ | | | | | |
| ६५ | | | | | |
| ६६ | | | | | |
| ६७ | | | | | |
| ६८ | | | | | |
| ६९ | | | | | |
| ७० | | | | | |
| ७१ | | | | | |
| ७२ | | | | | |
| ७३ | | | | | |
| ७४ | | | | | |

Scanned with CamScanner

**मिति २०८३।०२।०५ गते जिल्ला प्रशासन कार्यालय कपिलवस्तुमा बसेको कार्यालय प्रमुख बैठकका निर्णयहरु**

१. यस अघिका बैठकका निर्णयहरुको कार्यान्वयनको समीक्षा गरियो ।

२. पूर्वाधार, सामाजिक शिष्टचार, वातावरणीय दिगोपन र जनस्वास्थ्य कायम राख्नको लागि सरकारी कार्यालयहरुका शौचालयहरुको सरसफाई तथा स्वच्छता कायम राख्न नेपाल सरकार खानेपानी मन्त्रालयबाट विभिन्न क्रियाकलापहरुको चेकलिष्ट सहितको स्वीकृत सरसफाइ कार्यविधि बमोजिम प्रत्येक कार्यालयहरुले एक जना फोकल व्यक्ति समेत तोकि उक्त कार्यविधि अनुसारको शौचालयहरुको सरसफाई तथा स्वच्छता कायम राख्न भनि लेखि आएको हुँदा सवै सरकारी कार्यालयहरुले सो कार्यविधि कार्यान्वयन गर्ने ।

३. कार्यालयमा विचौलियाको प्रवेशमा उच्च निगरानी गरी विचौलिया मार्फत काम गर्ने/गराउने कार्यलाई कडाईका साथ पूर्ण रुपमा नियन्त्रण गर्ने ।

४. आर्थिक वर्ष २०८२/०८३ को चौथो त्रैमासिकको समेत १ महिना भन्दा बढी समय व्यतित भइसकेको हुँदा स्वीकृत बजेट बमोजिम समयमै विकास योजना सम्पन्न गरी कामलाई तिव्रता दिने ।

५. गृह मन्त्रालयको च.नं.६४९ मिति २०८३।०१।१७ गतेको पत्रबाट प्रचलित कानूनले छुट्टै सवारी साधन उपलब्ध गराउनु पर्ने पदाधिकारी (राजपत्राङ्कित प्रथम श्रेणी वा सो सरह र सो भन्दा माथिका पदाधिकारी) ले प्रयोग गरिरहेका सवारी साधन बाहेक अन्य कर्मचारी र पदाधिकारीहरुले प्रयोग गरी रहेका चारपाङ्ग्रे सवारी साधन पुलमा ल्याई व्यवस्थापन गर्ने र सम्पूर्ण चारपाङ्ग्रे र दुई पाङ्ग्रे सवारी साधनको एकिकृत विवरण तयार गरी अद्यावधिक गर्ने भनि लेखि आएको हुँदा सोही बमोजिम एकिकृत विवरण तयार गर्ने ।

६. नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट प्राप्त निर्देशन बमोजिम सवै सरकारी कार्यालयहरुले कार्यालयमा कार्यरत कर्मचारीको नाम, मोवाइल नम्बर र ईमेल कार्यालयको वेवसाइटमा तत्काल अद्यावधिक गर्ने र कार्यालय प्रमुख, सूचना अधिकारीले कार्यालयको मोवाइल फोन कम्तिमा कार्यालय समयमा अनिवार्य उठाई नागरिक तथा सेवाग्राहीले माग गरेको सूचना तथा गुनासो तत्काल सम्बोधन गर्ने व्यवस्था मिलाउने सम्बन्धी निर्देशन कार्यान्वयन गर्ने ।

७. सवै सरकारी कार्यलयहरुले कार्यालयमा कार्यरत कर्मचारीहरुको दैनिक उपस्थिति (आएको तथा गएको) अभिलेखिकरणका लागि विद्युतीय हाजिरी प्रणाली अनिवार्य रुपमा कार्यान्वयन गर्ने ।

८. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको च.नं.प्र./३११/४३४४ मिति २०८३।१।२४ गतेको पत्रबाट प्रचलित कानून, मापदण्ड तथा प्राकृतिक स्रोत संरक्षण सम्बन्धी निति अनुसार विकास निर्माण कार्यमा नदीजन्य तथा खानीजन्य पदार्थको अभाव हुन नदिई यस्ता स्रोत साधनको अत्याधिक दोहनलाई निरुत्साहित गरी उत्खनन्, संकलन, ओसारपसार र उपयोग कार्यलाई व्यवस्थित, पारदर्शी तथा दिगो बनाउन सरोकारवाला सवै सरकारी कार्यालयले प्राप्त ८ वटा निर्देशनहरुको प्रभावकारी कार्यान्वयन गर्ने ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
कपिलवस्तु

९. यस वर्षको प्रि-मनसुन अवधि शुरु भैसकेको अवस्थामा हावाहुरी, चट्याङ, असिना साथै भारी वर्षा भई जनधनको क्षति हुनसक्ने अवस्थालाई मध्यनजर गर्दै त्यस्ता जोखिम र संवेदनशील सडक मार्गको पहिचान गरी जोखिम न्यूनिकरण गर्न सम्बन्धित सबै निकायहरुले समयमै समन्वय गर्ने। साथै सडक मार्गमा सवारी आवागमन गर्दा सडक जोखिमको अवस्था समेतलाई विश्लेषण गरी जोखिम देखिएमा संवेदनशील सडक मार्गमा सवारी आवागमन कडाइका साथ बन्द गरी यात्रु तथा सवारी साधनको सुरक्षा गर्ने र निर्देशनको अवज्ञा गर्ने सवारी साधनलाई कारवाहीको दायरामा ल्याउन जिल्ला प्रहरी कार्यालय र जिल्ला ट्राफिक प्रहरी कार्यालय कपिलवस्तुले समन्वयात्मक भूमिका निर्वाह गर्ने ।

१०. नेपाल सरकार, मन्त्रिपरिद्को मिति २०८३ चैत्र १३ को बैठकबाट स्वीकृत शासकीय सुधार सम्बन्धी एक सय कार्यसूचीहरु बमोजिम सार्वजनिक सेवा प्रवाहमा सुशासन सुदृढीकरण, भष्ट्राचार नियन्त्रण समेतका विषयहरुलाई केन्द्रविन्दुमा राखेर कार्यसम्पादन गर्ने।

११. जिल्ला प्रशासन कार्यालय कपिलवस्तु तथा इलाका प्रशासन कार्यालय चन्द्रौटा कपिलवस्तुबाट आवेदन दर्ता भई राहदानी विभागबाट प्राप्त हुन आएका राहदानीको वितरणलाई हुलाक सेवा मार्फत सेवाग्राहीको घर ठेगानामै सहज, छरितो तथा प्रभावकारी ढंगले उपलब्ध गराउने उद्देश्यले कार्य प्रारम्भ भएको हुँदा सो सेवालाई थप व्यवस्थित तथा नागरिकमैत्री बनाउन स्थानीय तह सवैले आवश्यक समन्वय तथा सहयोग गर्ने ।

१२. गृह मन्त्रालयको च.नं.६३७ मिति २०८३।१।१६ गतेको पत्र बमोजिम जिल्लामा रहेका अतिक्रमित सरकारी तथा सार्वजनिक जग्गाको पहिचान गरी उक्त जग्गाहरुमा रहेको अतिक्रमण हटाउने योजना सहित पठाउन यस कार्यालयबाट सवै सरकारी कार्यालय र स्थानीय तह सवैलाई पत्राचार गरिएकोमा सो को विवरण हाल सम्म प्राप्त हुन नआएकोले प्राथमिकताका साथ सो को विवरण यथाशिघ्र पठाउने ।

१३. प्रत्येक कार्यालयले प्रचलित आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व सम्बन्धी कानून, नियम तथा महालेखा परीक्षकको कार्यालयबाट प्राप्त निर्देशन बमोजिम फछ्यौट हुन नसकी म्याद नाघेका धरौटी रकमहरुको आवश्यक प्रमाण सिफारिस तथा निर्णय सहित नियमानुसार सदरस्याहा प्रकिया अघि बढाउने ।

१४. आ-आफ्नो कार्यालयमा उपयोगविहिन, मर्मत सम्भार गर्न नसकिने वा जीर्ण अवस्थामा रहेका सरकारी सम्पत्तिको प्राविधिक मूल्यांकन गरी प्रचलित कानून बमोजिम लिलाम, हस्तान्तरण वा लगत कट्टा सम्बन्धी प्रकिया अघि बढाउने ।